

नेपाल : यातना र बलजफ्ती साविती बयान

कैलालीमा २०७२ भदौको प्रहरी हत्याको घटनापछि आदिवासी थारुको मानवअधिकार हनन्

सबैले मानवअधिकारको उपभोग गर्न पाउने विश्वका लागि अभियान गर्ने ७० लाख भन्दा बढी व्यक्तिहरूको एउटा विश्वव्यापी अभियान हो एम्नेस्टी इन्टरनेसनल ।

हरेक व्यक्तिले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरुमा प्रतिस्थापित गरिएका सबै अधिकारहरु उपभोग गर्न पाएको अवस्था सुनिश्चित गर्न सघाउनु हाम्रो लक्ष्य हो ।

हामी कुनै पनि सरकार, राजनीतिक सिद्धान्त, आर्थिक चासो वा धर्मबाट स्वतन्त्र छौं र हाम्रो आर्थिक प्रायोजन विशेषगरी हाम्रा सदस्य र सार्वजनिक चन्दाबाट हुन्छ ।

**विषयवस्तु** १. सारसंक्षेप २. पृष्ठभूमि ३. थुनामा यातना ४. बलजफ्त “साविती बयान” ५. स्वास्थ्य सेवाबाट वञ्चित ६.स्वेच्छाचारी पक्राउ ७. नेपालको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी दायित्वहरू ८. सुझावहरू




## १. सार-संक्षेप

> **"मध्यरातमा ढोका खोलेर प्रहरी मेरो घरभित्र आउँदा म निदाइरहेको थिएँ । उनीहरुले मेरो नाम सोधे र कुट्न थाले । मलाई उनीहरुको गाडीमा राखे । प्रहरीले आफ्नो गाडी एउटा प्रहरी चौकीमा रोके र त्यहाँ मलाई कुटपिट गरे । त्यसपछि अर्को प्रहरी चौकी पुगेपछि उनीहरुले गाडी रोके । त्यहाँ मलाईं लाठीले, बन्दुकको कुन्दाले र उनीहरुले जे भेटे त्यसैले कुटे ।"[1]**
>
> तुलसीराम (काल्पनिक नाम)

> **"प्रहरीले मलाई जबर्जस्ती साबिती बयानमा हस्ताक्षर गर्न लगाए । कागजमा लेखिएको कुरा पढ्न आग्रह गर्दा मलाई कुटपिट गरे ।"[2]**
>
> भागीराम (काल्पनिक नाम)

---

[1] तुलसीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनगढी कारागार, २९ फागुन २०७२ ।
[2] भागीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनगढी कारागार, २९ फागुन २०७२ ।

यस प्रतिवेदनमा, ७ भदौ २०७२ मा टिकापुरमा आठ जना सुरक्षाकर्मी र एक जना बालकको हत्याको घटनालाई लिएर सुदूर-पश्चिमको कैलाली जिल्लामा आदिवासी थारु समुदायका व्यक्तिहरुलाई प्रहरीले स्वेच्छाचारी पक्राउ गऱ्यो, यातना र अन्य दुर्व्यवहार गऱ्यो साथै केहीलाई जबर्जस्ती "साबिती बयान"मा हस्ताक्षर गरायो भन्ने विषयमा एम्नेस्टी इन्टरनेसनलले अभिलेखन गरेको छ ।

सो घटनापछि ज्यानमारा, ज्यानमारा उद्योग र चोरी-डकैती आरोपमा मुद्दा खेपिरहेका थारुहरु धनगढी कारागारमा थुनुवामा छन् । उनीहरुसँगको अन्तर्वार्ताले प्रहरी हिरासतमा रहँदा लाठीले कुटपिट गरिएको, राइफलको कुन्दाले प्रहार गरिएको, थप्पड हानिएको र गालीगलौच गरिएको कुरा खुल्दछ । कुटपिट र यातना प्रायः पक्राउ गरिएको समयदेखि, प्रहरी चौकीमा स्थानान्तरणको क्रममा र प्रहरी चौकी तथा जिल्ला प्रहरी कार्यालय (जिप्रका)मा भएका थिए ।

बन्दीहरुको व्यक्तिगत कथन्मा उनीहरु कहाँ र कसरी पक्राउमा परे, एउटा ठाउँबाट अर्को ठाउँमा कसरी सरुवा गरिए र कसरी यातना पाए भन्ने बारेमा केही विवरण भिन्न छ । यद्यपि उनीहरु पक्राउ परेर सुरक्षाकर्मीको गाडीमा राखिनासाथ यातना सुरु भएको थियो । जिल्लाको विभिन्न प्रहरी चौकी र विशेषगरी जिप्रकामा यातना दिएको कुरामा भने उनीहरुको कथनमा एकरुपता छ ।

बन्दीहरुले एम्नेस्टी इन्टरनेसनललाई बताए अनुसार उनीहरु पक्राउ पर्नुका कारणबारे उनीहरुलाई आवश्यक जानकारी दिइएन । पक्राउ परेको समयदेखि नै वकिलको परामर्श लिन स्वीकृति प्रदान गरिएन । साथै उनीहरु विरुद्ध चालिएको कार्यवाहीबारे यथेष्ट जानकारी प्रदान गरिएन । उनीहरुका कथनले "साबिती बयान" लिन प्रहरीले उनीहरुलाई धेरै यातना दिएको सन्दर्भमाथि प्रकाश पार्दछ । यातना भोगेकाहरुमा एक जना १४ वर्षीय बालक पनि रहेको बताइयो ।

यो खास अवस्थाले दण्डहीनताको बृहत वातावरणबारे बोल्दछ जहाँ यातनाका पीडकहरु, विशेषगरी प्रहरीहरु, आफूना कामकारवाहीका लागि जिम्मेवार ठहरिंदैनन् । यस्तो अवस्थाले यातनाका घटनाहरुका सम्बन्धमा दुवै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दायित्व पूरा गर्नमा नेपाल असफल भएको देखाउँछ । ती दायित्वमध्ये यातनाको आरोपमाथि प्रभावकारी अनुसन्धान गर्ने, पीडकहरुलाई न्यायको कठघरामा उभ्याउने र पीडितहरुलाई परिपूरण उपलब्ध गराउने कार्य प्रमुख हुन् ।

यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको नेपाल पक्ष राष्ट्र हो । त्यसैले आफ्नो जिम्मेवारी अनुरुप राष्ट्रिय कानुनद्वारा यातनालाई अपराध घोषित गर्नु, त्यसको गाम्भीर्यता दर्साउन उपयुक्त सजायद्वारा दण्डित गर्ने कानुन तत्काल जारी गर्नु नेपाल सरकारको दायित्व हो ।

## कार्यपद्धति

एम्नेस्टी इन्टरनेसनलले टिकापुर र आसपासका गाउँहरूका साथै जिल्ला सदरमुकाम धनगढीमा २०७२ फागुनमा अन्तर्वार्ताहरु लियो । धनगढी कारागारमा रहेका १९ जना बन्दीसँग फागुनमा र कास्की जिल्लास्थित बाल सुधार गृहमा रहेका एक जना बालकसँग २०७३ वैशाखमा एम्नेस्टी इन्टरनेसनलले कुराकानी गऱ्यो ।

बन्दीहरुलाई गरिएको व्यवहारबारे प्रत्यक्ष जानकारी भएका दुई जना मानवअधिकारवादी, वकिल तथा साक्षीहरुसँग धनगढीमा र आरोपितका परिवारका एक जना सदस्यसँग पनि एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लियो ।

अन्तर्वार्ता लिइएका बन्दीहरुलाई धनगढी कारागारको पक्की पर्खालले छुट्टाइएका दुई खण्डमा राखिएको थियो । कारागारको एउटा खण्डमा आठ जनालाई र अर्को खण्डमा एघार जना थुनमा थिए । दुवै खण्डका

बन्दीलाई कारागारका सुरक्षाकर्मीहरुले आगन्तुक भेट्ने अगाडिको घेरा नजिकै भेला हुन लगाए । त्यसपछि एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले प्रत्यक्ष कुराकानी गर्दै धनगढी कारागारमा सारिनु अघि पक्राउ गरिएको सन्दर्भ र प्रहरी हिरासतमा रहँदाको व्यवहारबारे बन्दीका व्यक्तिगत कथा र भोगाइँ बताउन आग्रह गरे । कारागारका दुई भिन्न खण्डमा बन्दी बनाइएका दुई समूहमा राखिएका व्यक्तिहरुले दिएको अन्तर्वार्तापछि ती बयानलाई तुलना गर्ने र पुष्टि गर्ने अवसर एम्नेस्टी इन्टरनेसनलले प्राप्त गऱ्यो ।

सबै बन्दीले आफ्नो बयानलाई प्रकाशित गर्न स्वीकृति प्रदान गरे। यद्यपि अन्तर्वार्ता दिन सहमत व्यक्तिका सुरक्षा र संरक्षणलाई प्राथमिकता दिँदै प्रतिवेदनमा सबैलाई काल्पनिक नामले सम्बोधन गरिएको छ । दुई जना बन्दीले आफ्नो नाम प्रयोग गर्ने अनुमति प्रदान गरे।

कास्कीस्थित बाल सुधार गृहमा रहेको आगन्तुक कक्षमा १४ बर्षीय बालकसँग एकल रुपमा अन्तर्वाता लिइयो । ती बालकको उमेरका कारण र उनको संरक्षण र सुरक्षालाई सुनिश्चित गर्न समेत यस प्रतिवेदनमा उनलाई काल्पनिक नाम दिइएको छ ।

एम्नेस्टी इन्टरनेसनलले २०७२ फागुन २६-२९ गतेको अवधिमा टिकापुर र सेरोफेरोका गाउँमा स्थानीयसँग साथै ती क्षेत्र र सदरमुकामका मानवअधिकारवादी, शिक्षक, वकिल, व्यावसायी र पत्रकारसमेत गरी करिब ३० जनासँग कुराकानी गऱ्यो । संस्थाले चार जना सरकारी अधिकारी : सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला अदालत रेजिस्ट्रार, इलाका प्रशासनका प्रमुख  र धनगढी कारागारका वार्डेनसँग पनि कुराकानी गऱ्यो । यसका अतिरिक्त अभियोगपत्र, अदालतको अन्तरिम आदेश र डोटी पुरावेदन अदालतमा बन्दीहरुका तर्फबाट दर्ता गरिएको आवेदनलगायत अन्य कानुनी दस्तावेजको पनि समीक्षा गऱ्यो ।

आजसम्म ५८ जनालाई आरोपित करार गरिएको छ । तीमध्ये असारको अन्त्यसम्म २५ जना पक्राउ गरिएका छन् । आरोपितमध्ये दुई जना बालक छन् । कैलाली जिल्ला अदालतमा यो मुद्दा विचाराधीन छ । यो प्रतिवेदन लेखिँदाको समयसम्म, थुनछेक विरुद्धको निवेदन सर्वोच्च अदालतमा विचाराधीन थियो ।

## २.पृष्ठभूमि

राज्य र तत्कालीन नेकपा (माओवादी)बीचको दशबर्षे लामो सशस्त्र द्वन्द्वलाई २०६३ को बृहत् शान्ति सम्झौताले आधिकारिक रुपमा अन्त्य गऱ्यो । अन्तरिम संविधान २०६३ मा राज्यको पुनर्संरचना गर्ने र ऐतिहासिक रुपमा सीमान्तकृत महिला, दलित, जनजाति (थारु समेत समावेश भएको आदिवासी समूहहरू), मधेसी (भारतसँगको सीमामा बसोबास गर्ने तराईका बासिन्दा) र अन्य अल्पसङ्ख्यकविरुद्धको संरचनागत भेदभावलाई सम्बोधन गर्ने राजनीतिक प्रतिबद्धता समावेश थियो । दुइटा संविधानसभा र लामो विलम्बपछि दोस्रो संविधानसभाले २०७२ भदौ ३१ गते नयाँ संविधान पारित गऱ्यो । त्यसपछि राष्ट्रपतिद्वारा २०७२ असोज २ गते औपचारिक रुपमा संविधान जारी भयो ।[3]

संविधानको विषयवस्तुमा सम्झौता-वार्ता गरिरहेका राजनीतिक दलहरुले २०७२ वैशाखमा आएको भूकम्पको पाँच महिना नबित्दै हतार-हतार मूल कानुनको लिखतलाई अनुमोदन गरे । ऐतिहासिक रुपमा सीमान्तकृत समूहहरुले सो दस्तावेजले राजनीतिक र आर्थिक दुवै क्षेत्रमा लामो समयदेखि विद्यमान रहेको संरचनागत भेदभाव र सीमान्तकृतका मागलाई सम्बोधन गर्ने विगतको राजनीतिक प्रतिबद्धतालाई पूरा गर्न असफल रहेको दावी गरिरहेका थिए ।[4]

---

[3] हेर्नुहोस् इन्टरनेसनल क्राइसिस् ग्रुप, *Nepal's Divisive New Constitution: An Existential Crisis*, April 2016, http://www.crisisgroup.org/~/media/Files/asia/south-asia/nepal/276-nepal-s-divisive-new-constitution-an-existential-crisis.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३)।

[4] हेर्नुहोस् इन्टरनेसनल क्राइसिस् ग्रुप *Nepal's Divisive New Constitution: An Existential Crisis*, April 2016.

दोस्रो संविधानसभाले संविधान पारित गर्दा देशका ७५ मध्ये ६ जिल्ला (कैलीलीसहित)हरूमा भएको हिंसात्मक राजनीतिक विरोध प्रदर्शनका कारण कर्फ्यू जारी गरिएको थियो ।[5] यी सबै जिल्लाहरू देशको दक्षिणी समथल भूमि अर्थात तराई क्षेत्रमा अवस्थित थिए, जहाँ थारु र मधेसीको बाहुल्यता रहेको छ ।

सन् २०११ मा गरिएको जनगणना अनुसार थारुको जनसङ्ख्या १७ लाख अर्थात् कुल जनसङ्ख्याको ६.७% रहेको छ । उनीहरु दोस्रो ठूलो जनजाति समूहमा पर्दछन् र ऐतिहासिक रुपमा तराईका जिल्लाहरुमा बसोबास गर्दै आएका छन् ।[6] तथापि विभिन्न कारणले थारुहरुको स्थानीय राजनीतिक प्रभाव र भूमिमाथिको स्वामित्वमा भारी गिरावट आइरहेको छ ।[7] विशेषगरी १९औं शताब्दीपछि तराई क्षेत्रमा राज्यको बढ्दो प्रभाव र सन् १९५० को दशक पछि औलो उन्मूलन कार्यक्रम लागू भएपश्चात पहाडीमूलका बासिन्दाहरुको सो क्षेत्रमा बसाइँसराइ धेरै बढेको छ ।[8] मध्य र सुदूर पश्चिममा राज्यको विस्तार पछि थारु समुदायको इतिहास उनीहरुको दृष्टिकोणमा देशको पहाडी क्षेत्रका उच्च जातिका पुरुषहरुको नियन्त्रणमा रहेको राज्य संयन्त्रबाट भएको राजनीतिक वञ्चितीकरण, गरिबी, भूमिहीनता र ऋणग्रस्ततामा रोमलिएको छ ।[9]

आन्तरिक सशस्त्र द्वन्द्वमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरुको थारु समुदायमाथि ठूलो प्रभाव परेको थियो । उदाहरणका लागि, बर्दिया जिल्लामा मानवअधिकारका लागि राष्ट्र सङ्घीय उच्च आयुक्तको कार्यालय (ओएचसिएचआर)ले अभिलेखन गरेको बलजफ्त वेपत्ता पारिएका घटनाहरुमध्ये ८५% भन्दा बढी थारु समुदायसँग सम्बन्धित थिए ।[10] सन् २०१२ मा नेपालको द्वन्द्वसम्बन्धी ओएचसिएचआरको प्रतिवेदनले सो जिल्लाले "नेपालको कुनै पनि क्षेत्रभन्दा ज्यादै भयङ्कर गैरकानुनी हत्या र वेपत्ता पार्ने कार्य"को सामना गर्नु पर्‍यो । त्यस्तो "प्रवृत्तिले सुरक्षा फौजले खास व्यक्ति र थारु आदिवासी समूह जस्तै निश्चित समूहका सदस्यहरुलाई निशाना बनाएकोतर्फ संकेत" गर्छ ।[11]

माथि उल्लिखित विषय राज्य संरचना र पदाधिकारीहरुमाथिको ऐतिहासिक अविश्वासको बृहत् परिस्थितिको उदाहरण हो । सशस्त्र द्वन्द्वको अन्त्यपछि अन्य धेरै जनजाति समूहहरू जस्तै थारुहरुले पनि नेपाली राज्यको पुनर्संरचनाको माग गर्दै आएका छन् । अझ विशेषगरी, थारुहरुले सुदूरपश्चिममा आफ्नै पहिचानमा आधारित स्वायत्त थरुहट वा थारुवान प्रान्तको माग गरेका छन् ।[12]

नौ बर्ष लामो संविधान निर्माण प्रक्रियामा सुदूरपश्चिमसहित देशका विभिन्न भागमा हिंसाका घटनाहरु भए । सन् २०१२ मा कैलाली र कञ्चनपुरमा मुख्यत: पहाडी मूलका बासिन्दाहरुको "अखण्ड सुदूरपश्चिम" आन्दोलनका समर्थकहरु र थारु समूहबीच हिंसात्मक झडपका घटनाहरु भए । सन् २०१२ को हिंसाका क्रममा थारुहरुविरुद्ध प्रहरीद्वारा अत्यधिक बलप्रयोग भएको आरोपहरु व्यापक थियो,[13] जसमा धनगढीको सेती अञ्चल अस्पतालमा थारु अभियन्ताहरुलाई प्रहरीले कुटपिट गरेको पनि समावेश थियो ।[14] हालै मात्र राष्ट्रिय मानवअधिकार आयोगले २०७२ मा नेपालको संविधान जारी हुनु अघि र पछि

---

[5] डिएफआइडि-जिआइजेड रिस्क म्यानेजमेन्ट अफिसको सिचुएसन रिपोर्ट, ३१ भदौ २०७२, www.rapnepal.com/file/3861/download?token=PkajIhlA मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[6] हेर्नुहोस् केन्द्रीय तथ्याङ्क विभाग, *Population Monograph of Nepal vol2 (Social Demography)*, 2014, http://cbs.gov.np/image/data/Population/Population%20Monograph%20of%20Nepal%202014/Population%20Monograph%20V02.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[7] थारुहरुमाझ भूस्वामित्वलाई अभिलेख गर्ने सीमित प्रचलन रहेकोले नेपाल राज्यको विस्तर पूर्व थारुहरुको भूमिमाथिको स्वामित्वको अनुमान लगाउनु कठिन छ । तथापि एक थारु इतिहासकारका अनुसार १०० बर्ष अघिसम्म थारुहरुले पश्चित तराईको ९०% भूभागको स्वामित्व ग्रहण गरेका थिए । हेर्नुहोस्, J. Nepal and T. S. Tharu, *What Lies at the Heart of the Tharus' Stir*, http://kathmandupost.ekantipur.com/news/2015-08-24/what-lies-at-the-heart-of-tharus-stir.html मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[8] A. Guneratne. Tharu-State Relations in Nepal and India. *Himalaya, the Journal of the Association for Nepal and Himalayan Studies:* Vol. 29: No. 1, Article 2. Available at http://digitalcommons.macalester.edu/cgi/viewcontent.cgi?article=1849&context=himalaya मा उपलब्ध ( हेरिएको ३ श्रावण २०७३) ।

[9]सुरेश चौधरी, *The Process of State Modernisation and Marginalisation of Tharu Identity of Tharuwan Province*, 2009, http://www.socialinclusion.org.np/new/files/Suresh%20Chaudhary_1365499880dWhc.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[10] http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/2008_12_19_Bardiya_Report_Final_E.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[11] http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/2008_12_19_Bardiya_Report_Final_E.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[12] दुवै शब्दावली एकअर्काका परिपूरकका रुपमा प्रयोग भए तापनि त्यसमा राजनीतिक भिन्नता यस अर्थमा रहेको छ कि थारुवान प्रान्त भन्ने शब्दावली तत्काली नेकपा-माओवादी पार्टीले सुरुमा उठाएको हो । सो दललाई थारुहरुले देशका पहाडीमूलका पुरुषहरुले नेतृत्व गरेको पार्टीका रुपमा हेर्ने गरेका छन् । थप विवरणका लागि हेर्नुहोस् : M. Maycock, *The Influence of the Tharuhat Autonomous State Council*, July 2011, http://nepalpolicynet.com/images/NewAngle/Vol1/6_Maycock_Tharuhat%20autonomous%20state%20council.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) । कैलाली थरुहट आन्दोलनको बलियो आधारभूमि हो जसमा एउटा मुख्य नेताका रुपमा लक्ष्मण थारु रहेका छन् । उनी द्वन्द्वका क्रममा माओवादी पार्टीका सदस्य थिए । २०७३ असारसम्म टीकापुर हत्यासँग सम्बन्धित पक्राउ पर्ने २५ जनामा उनी एक जना हुन् ।

[13] संयुक्त राष्ट्रसङ्घ आवासीय तथा मानवीय संयोजकको कार्यालय, मासिक प्रगति विवरण, सन् मे २०१२, http://reliefweb.int/sites/reliefweb.int/files/resources/Nepal_Monthly_Update_2012-May.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[14] हेर्नुहोस्, द कार्टर सेन्टर, *Observations on Identity-Based Political Activity and Mobilizations in Nepal*,

देशका विभिन्न भागमा भएका विरोध प्रदर्शनमा सुरक्षा फौजबाट भएको अत्यधिक बलप्रयोगसहितको मानवअधिकार उल्लङ्घनसम्बन्धी एक प्रतिवेदन जारी गरेको छ ।[15]

### टीकापुर : २०७२ भदौ ७ को विरोध प्रदर्शन र त्यसको परिणाम

२०७२ भदौ ७ गते छिमेकी गाउँहरुबाट हजारौंको संख्यामा थारु समुदायका व्यक्तिहरु विरोध प्रदर्शनमा सहभागी हुँदै टीकापुरको केन्द्रविन्दुतर्फ अघि बढे । उनीहरुले नयाँ संविधानको सम्झौता-वार्ताका क्रममा सरकारले प्रस्ताव गरेको सङ्घीय सीमाहरूको विरोध गर्दै एउटा अलग्गै स्वायत्त थरुहट प्रान्तको माग गरिरहेका थिए । एम्नेस्टी इन्टरनेसनलसँग कुराकानी गरेका दुई जना व्यक्तिले बताए अनुसार भीडमा प्रहरीले अश्रुग्यास प्रहार गरेपछि प्रहरीमाथि केही प्रदर्शकारीबाट आक्रमण भयो । यो आक्रमणमा वरिष्ठ प्रहरी उपरिक्षक लक्ष्मण नेउपानेसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीका अन्य सात जना अधिकृतहरुको मृत्यु हुनगयो ।[16] त्यसको केही घण्टापछि आठ जना प्रहरी अधिकृतहरुको हत्या भएको स्थान नजिकै आफ्नो घरको आँगनमा रहेका सशस्त्रका वरिष्ठ प्रहरी जवान नेत्र साउदका १८ महिने छोरालाई अज्ञात आक्रमणकारीहरुले गोली हानी हत्या गरे ।[17]

हत्याका घटनाहरु भएको केही समयमै कर्फ्यू लाग्यो । सरकारले स्थितिलाई नियन्त्रणमा लिन नेपाली सेनाको परिचालन समेत गर्‍यो । गाउँका प्रत्यक्षदर्शी, मानवअधिकारवादी र स्थानीय पत्रकारका अनुसार त्यसपछिका दिनहरुमा विशेषगरी नेपाल प्रहरीका साथै सशस्त्र प्रहरी र नेपाली सेनाका टोलीहरुले वरिपरिका गाउँहरुमा प्रवेश गरी धरपकड गरे ।

निशानामा परिने डरले गाउँका अधिकांश पुरुषहरु गाउँ छाडिसकेको अवस्थामा अबेर राति भएका खानतलाशी, हैरानी र धम्कीको सामना गर्नुपर्नेमा धेरै महिला थिए । उदाहरणका लागि, टीकापुर नजिकैको गाउँकी एक जना महिलाले अन्तर्वार्तामा बताए अनुसार राति त्यहाँ नजिकै बस्ने बढघर (थारु गाउँका नेता)को नाम सोध्दै आएका प्रहरीले उनको अनुहारमा बन्दुक ताकेर धम्काउँदै भने, "तँलाई मारिदिउँ?"[18]

कर्फ्यू लगाइएको ३६ घण्टापछि टीकापुरमा थारुका घर र व्यावसायहरूमाथि त्यस क्षेत्रमा घुमिरहेका भीडबाट आगजनीका घटनाहरु भए, जुन २०७२ भदौ ७ को हत्याको प्रतिशोधमा रहेको देखिन्थ्यो ।[19] कैलालीका सहायक प्रजिअलाई एम्नेस्टी इन्टरनेसनलले, कर्फ्यूका बेला सडकमै रहेका सुरक्षाकर्मीहरुले थारुका घर र व्यावसायमाथि भएको सुनियोजित आगजनी किन रोकेन भनेर प्रश्न गर्दा, उनको जवाफ थियो, "प्रहरीले त्यति धेरै गुमाउनु परेकोले त्यसो भएको हुनसक्छ ।"[20]

## ३.थुनामा यातना

**"उनीहरूले आफ्नो हातमा जे आइलाग्यो त्यसैले मलाई पिटे । उनीहरुले मान्छे जस्तो व्यवहार गरेनन् ।"**[21]

*डिल्ली (काल्पनिक नाम)*

"एक जना वरिष्ठ थारु राजनीतिज्ञबाहेक धनगढी कारागारमा अन्तर्वार्ता लिइएका सबै बन्दीहरुले आफूलाई थुनामा रहँदा प्रहरीले यातना दिएको आरोप लगाए । पीडितहरुमा ४६ वर्षका राजनीतिक दलका एक जना कार्यकर्ता, ३३ वर्षीय शिक्षक, ३३ वर्षीय कृषक र ४६ वर्षीय बढघर समेत थिए ।

---

13 March 2013, https://www.cartercenter.org/resources/pdfs/news/pr/cartercenter-report-idbasedpoliticalactivity-eng.pdf मा उपलब्ध ( हेरिएको ३ श्रावण २०७३), पृष्ठ २७ ।

[15] http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC_Nepal_Madhesh_Terai_Protest_Human_Rights_Monitoring_Report_English.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[16] टीकापुरमा एम्नेस्टी इन्टरनेसनल अन्तर्वार्ताहरु, २८ फागुन २०७२ ।

[17] टीकापुर हत्यासम्बन्धी थप जनकारीका लागि हेर्नुहोस्, ह्यूमन राइट्स वाच (एचआरडब्लु) प्रतिवेदन, *"Like we are not Nepalis": Protest and Police crackdown in the Terai*, 2015, https://www.hrw.org/sites/default/files/report_pdf/nepal1015_forupload.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) । (HRW, "*Like we are not Nepalis*").

[18] मनुवा गाविसमा गीता (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २८ फागुन २०७२ ।

[19] थप जनकारीका लागि हेर्नुहोस्, ह्यूमन राइट्स वाच (एचआरडब्लु) प्रतिवेदन *"Like we are not Nepalis"*, पृष्ठ १९-२० ।

[20] धनगढी प्रजिअको कार्यालयमा उदयबहादुर सिंहसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २७ फागुन २०७२ ।

[21] धनगढी कारागारमा डिल्ली (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

लाठीले कुटपिट गरिएको, राइफलको कुन्दाले प्रहार गरिएको, थप्पड हानिएको र गालीगलौज गरिएको उनीहरुको बयानमा समानता रहेको थियो ।

एक जना बन्दीले एम्नेस्टी इन्टरनेसनललाई बताए अनुसार उनलाई प्रहरीले पक्राउ गरी गाडीमा राखेदेखि नै कुटपिट गरिएको थियो । उनलाई जिल्ला प्रहरी कार्यालय (जिप्रका)मा सात दिन थुनामा राखिएको थियो, जहाँ प्रहरीले लगातार कुटपिट गरे । एक पटक उनलाई प्रहरीले उनी बेहोश नभएसम्म कुट्ने काम गरे । त्यसपछि उनलाई पानी खनाएर होशमा ल्याइएको थियो ।[22]

अर्को पुरुषले बताए अनुसार उनलाई थुनामा एकभन्दा बढी प्रहरी अधिकारीले दुई घण्टासम्म लाठीले कुटे, बुटले लात हाने, मुक्का प्रहार गरे र प्लास्टिकको पाइपले कुटे । उनको दावी अनुसार त्यो समयमा प्रहरीले अत्यधिक मात्रामा रक्सी सेवन गरेको उनीहरुको श्वास र व्यवहारबाट देखिन्थ्यो । एक जना प्रहरीले खैनी खाएर उनको अनुहारमा थुक्ने काम गरे ।[23]

तेस्रो बन्दीले बताए अनुसार उनलाई पक्राउ गरी करिब ४० देखि ४५ जना सुरक्षाकर्मीहरु रहेको ट्रकमा राखियो, जहाँ उनीहरु रक्सी सेवन गर्दै गीत गाइरहेका थिए । ट्रकमा उनलाई गीत गाउँदै पिट्ने काम गरियो । उनले भने अनुसार उनलाई छातीमा कुटिएको थियो, जसले गर्दा पाँच महिनापछि पनि उनको छाति दुखिरहेको छ ।[24] चौथो बन्दीले थुनामा रहँदा आफूलाई आँखामा पट्टी बाँधेर भाग्न लागाइएको र गोली हानी हत्या गरिदिने धम्की दिएको बताए ।[25]

पाँचौ बन्दीले आफूलाई मध्य राति पक्राउ गर्दा कुटपिट गरिएको बताए । उनका (पाँच, सात र १२ बर्षका) तीन नाबालक छोराछोरी रुन थालेपछि प्रहरीले उनीहरुलाई पनि कुटपिट गरे ।[26] चार जना प्रहरीले आफूलाई लात र मुक्का हान्नाले एउटा कानको श्रवणशक्ति गुमेको अर्को बन्दीले बताए ।[27] अर्को एक बन्दीले विरोध प्रदर्शनमा को थियो भनेर उनलाई प्रश्न गर्दा आफूलाई थाहा नभएको जफाव दिँदा, एक जना प्रहरीले भने, “यसलाई जङ्गलमा लगेर मारिदे ।”[28] अर्को बन्दीले कुटपिटका कारण उनको दाहिने आँखामा एक महिनासम्म रगत जमेको, र उज्यालो घाममा उनको आँखा चर्केर आउने बताए ।[29]

सरकारद्वारा जारी गरिएको अपाङ्गताको परिचयपत्र पाएका बन्दीहरुमध्ये बिश्रम चौधरीले आफ्नो परिचयपत्र देखाउँदा समेत प्रहरीले उनलाई कसरी गम्भीर रुपमा कुटपिट गरे भन्ने बारेमा जानकारी दिए । एउटा हात विकलांग भएको र ढाड कुप्रो भएका उनले एम्नेस्टी इन्टरनेसनललाई बताए अनुसार अपाङ्गता भएको व्यक्ति भएकाले, “विरोध प्रदर्शनमा सहभागी हुन भौतिक रुपमा त्यहाँ जान कुनै पनि हिसाबले सम्भव थिएन ।”[30]

ती पुरुषका फरक-फरक कथा उनीहरु कहाँ र कसरी पक्राउ परे, जिप्रकामा सारिनु अघि एउटा स्थानबाट अर्कोमा कसरी लगियो र उनीहरुलाई यातना दिइएको केही विवरणमा भिन्नता रहेको थियो । यद्यपि पक्राउ पर्नासाथ यातना सुरु भएको चाहे त्यो सुरक्षाकर्मीको सवारी साधनमा होस्, जिल्लाका विभिन्न प्रहरी चौकी (जोशीपुर र थापापुरलाई नियमित रुपमा उद्दृत गरिएको थियो) र विशेषगरी जिप्रकामा भन्ने बयानमा भने समानता रहेको थियो ।[31] एक जना बन्दीले जिप्रकामा उनीमाथि गरिएको कुटपिटका कारण उनको “त्यहीँ भण्डै ज्यानै गएको” बताए ।[32] साथै १९ बन्दीमध्ये चार जनाले मनोवैज्ञानिक यातना र धम्कीको सामना गरेको बताए ।

अन्तर्वार्ता दिने व्यक्तिहरुले स्वतन्त्र रुपमा बताए अनुसार सबैभन्दा खराब व्यवहार रामप्रसाद चौधरी नाम गरेका बन्दीप्रति गरिएको थियो । रामप्रसादका अनुसार, प्रहरीले उनको आरोपित दोषको मुख्य प्रमाणका रुपमा उनको मोबाइल फोन जफ्त गरेको थियो । एम्नेस्टी इन्टरनेसनललाई उनले बताए अनुसार पक्राउ पछि उनलाई लगातर एउटा ठाउँबाट अर्को ठाउँमा सारेर गुमराह गर्ने काम गरियो । एक पटक उनलाई प्रहरी चौकीमा सार्ने क्रममा प्रहरीले गाडीमा बेहोस् हुने गरी कुटपिट गरे । हरेक ठाउँमा उनलाई लाठी, राइफलको कुन्दाले प्रहार गरी थप्पड पनि हानियो । उनले दावी गरे अनुसार

---

[22] धनगढी कारागारमा रामप्रसाद चौधरीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[23] धनगढी कारागारमा डिल्ली (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[24] धनगढी कारागारमा गंगा (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[25] धनगढी कारागारमा खुशीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[26] धनगढी कारागारमा भागीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[27] धनगढी कारागारमा धनीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[28] धनगढी कारागारमा तल्सीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[29] धनगढी कारागारमा प्रेम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[30] धनगढी कारागारमा विश्रम चौधरीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[31] बन्दीहरुले उपलब्ध गराएका विवरण नेपालमा गैससहरुले अभिलेख गरेका यातनाका चलन र प्रवृत्तिहरुसँग मेल खान्छन् । त्यसमा “यातना प्राय पक्राउको विन्दुमा, प्रहरी कार्यालयतर्फ लैजाने क्रममा, स्थानीय प्रहरी चौकीमा र जिल्ला वा नगरपालिकाका प्रहरी कार्यालयहरु दिने गरिएको छ” । एडभोकेसी फोरम, *Continuing Torture during 2015*, June 2016, available at http://advocacyforum.org/publications/June26Report.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३), पृष्ठ ११ ।

[32] धनगढी कारागारमा बालकृष्ण (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

उनलाई प्रहरीले आँखामा पट्टी लगाएर कुट्ने गर्दथे, जसले गर्दा "उनलाई कसले कुटपिट गरेको हो भन्ने कुरा थाहा नहोस् ।" कारागारको डण्डीबाट चौधरीले एम्नेस्टी इन्टरनेसनललाई आफ्नो पाखुरामा लागेको चोटपटकको दाग देखाएका थिए ।[33]

### १४ बर्षीय बालकलाई यातना

यातना दिइएकामध्ये एक जना १४ वर्षीय बाल पनि रहेको बलियो संकेत पाइन्छ । एम्नेस्टी इन्टरनेसनलसँग कास्की जिल्लास्थित बाल सुधार गृहमा २०७३ वैशाख २१ गते भएको अन्तर्वार्तामा ती बालकले टीकापुर घटनामा संलग्न अन्य १४५ जनाको नाम प्रहरीलाई दिएको बताए । १४५ जनालाई नै आफूले चिनको भनी उनले जोड दिए । यद्यपि विशेषगरी उनीहरु आफ्नो छिमेकी वा नातेदार नभएको र सबैजना उनको वडामा बसोबास गर्ने पनि नभएको तथ्य उनले स्वीकार गरे । त्यस्तो अवस्थामा उनीहरु सबैलाई कसरी चिने भन्ने बारेमा उनले कुनै प्रतिक्रिया दिएनन् ।[34] सो मुद्दासँग परिचित एक जना वकिलसँग भएको छुट्टै अन्तर्वार्तामा ती वकिलले सो बालकले अदालतमा दिएको बयानमा हत्यामा संलग्न ११ जना बन्दीहरुको नाम दिएको उल्लेख गरे ।[35] ती बालक धनगढीमा हुँदा उनीसँग कुराकानी गर्ने एक जना बालअधिकारकर्मीका अनुसार त्यसमा जिम्मेवार प्रहरी अधिकृतले उनलाई ती नामहरु "खुलासा" गर्न बहकाएका थिए ।[36] एम्नेस्टी इन्टरनेसनलले ती बालकलाई आक्रमणमा संलग्न व्यक्तिहरुको नाम उपलब्ध गराउन प्रहरीले बाध्य बनाएको हो कि भनेर प्रश्न गर्दा, उनले आफूमाथि दवाब दिने वा जर्बजस्ती बयान दिन बाध्य पार्ने काम कसैले नगरेको र उनलाई कुटपिट पनि नगरिएको बताए ।[37]

यद्यपि, बेग्लै भेटमा, ती बालकका आफन्तले आफू सो बालकको हजुरबुबासँग उनलाई धनगढीमा थुनामा रहँदा भेट्न गएको बताए ।[38] उनका आफन्तका अनुसार, ती बालकले आफ्नो हजुरबुबालाई देखेपछि उनलाई अन्यले नसुन्ने गरी सानो स्वरमा, "उनीहरुले मलाई कुटे" भन्दै आफ्नो शरीरको विभिन्न भाग र खुट्टातर्फ संकेत गरेका थिए ।

ती बालकलाई यातना दिएर बन्दीहरुलाई हत्याका लागि जिम्मेवार ठहर गर्न प्रहरीले कसरी बालकलाई प्रयोग गरेको थियो भन्ने बारेमा धनगढीमा अन्तर्वार्ता लिइएका बन्दीहरुले पनि एम्नेस्टी इन्टरनेसनलाई व्याख्या गरेका थिए । उनीहरुका अनुसार प्रहरीले ती बालकलाई पक्राउ पारिएकाहरुको अगाडि उभिन लगाएर भदौ ७ गते भएको प्रहरीका "हत्याराहरुलाई पहिचान गर्न" लगाएका थिए । उनीहरुले दावी गरे अनुसार प्रहरीले ती बालकलाई हरेक बन्दीलाई देखाउँदै उनीहरुको नाम भन्न लगाए । बन्दीहरुका अनुसार ती बालक स्पष्ट रुपमा पीडामा थिए । एक जना बन्दीको शब्दमा, "हामीसँग हुँदा उनी राम्रोसँग बस्न पनि सक्दैन थिए, त्यस्तो हुन्जेलसम्म उनलाई पिटिएको थियो ।" बन्दीहरुका अनुसार ती बालकलाई कुटेर बन्दीहरुको नाम कण्ठ पार्ने निर्देशन दिइएको थियो ।[39]

एड्भोकेसी फोरमले नेपालभरका बन्दीगृहहरुको अनुगमन गर्दा त्यहाँ उच्च दरको यातना र अन्य दुर्व्यवहार हुने गरेको पायो । सन् २०१५ मा यो दर औसतमा सबै बन्दीहरुको १७.२% रहेको थियो । अझ महत्वपूर्ण रुपमा अनुगमनले बाल बन्दीहरुले बढी यातना वा अन्य दुर्व्यवहारको सामना गर्नु परेको देखायो, जुन वयश्कहरु (वयश्क बन्दीको १५.९%)को तुलनामा बाल बन्दीहरु (१८ बर्षसम्म)को २१.७% रहेको थियो ।[40]

## ४.बलजफ्त "साविती बयान"

धनगढी कारागारमा रहेको बन्दीहरुलाई टीकापुर विरोध प्रदर्शनका क्रममा भएको हिंसासँगसम्बन्धित ज्यानमारा, ज्यानमारा उद्योग र चोरी-डकैती गरेको आरोप लगाइएको छ । प्रहरीले उनीहरु सबैलाई "साविती बयान"मा बलजफ्ती हस्ताक्षर गर्न लगाएको दावी गर्छन् ।

---

33 धनगढी कारगारमा रामप्रसाद चौधरीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।
34 धनगढी कारगारमा वीरबल (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २१ बैशाख २०७३ ।
35 धनगढी कारगारमा हिरा (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, ३ साउन २०७३ ।
36 बालअधिकारवादीसँग एम्नेस्टी इन्टरनेसनलको फोन अन्तर्वार्ता, २५ चैत २०७२ ।
37 धनगढी कारगारमा वीरबल (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २१ बैशाख २०७३ ।
38 शिव (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको फोन अन्तर्वार्ता, २८ जेठ २०७३ ।
39 धनगढी कारागारमा एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।
40 एडभोकेसी फोरम, *Continuing Torture during 2015*, June 2016, available at http://advocacyforum.org/publications/June26Report.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

प्रहरीले कुटपिट गरेपछि आफूलाई एउटा दस्तावेजमा त्यसलाई हेर्नै नदिई हस्ताक्षर गर्न बाध्य बनाएको रामप्रसाद चौधरीले एम्नेस्टी इन्टरनेसनललाई बताए । उनका अनुसार सो दस्तावेजको अर्न्तवस्तुबारे सोधखोज गर्दा उनलाई थप कुटपिट गरियो । अन्य बन्दीहरुलाई जस्तै आफ्नो हात पनि जर्बजस्ती समाएर सो दस्तावेजमा हस्ताक्षर गर्न बाध्य बनाइएको रामप्रसाद चौधरीले बताए ।[41]

आफूलाई यातना दिएको आरोप नलगाउने सो वरिष्ठ राजनीतिज्ञबाहेक अन्तर्वार्ता लिइएका सबै बन्दीहरुले आफूलाई पहिला नै तयार गरिएको बयानमा हस्ताक्षर गर्न बाध्य बनाइएको र सो दस्तावेजमा लेखिएको कुरा पढ्न नदिइएको बताए । आफूलाई हस्ताक्षर गर्न लगाइएको दस्तावेजमा के छ भनेर सोध्दा, उनीहरुलाई अझ कुटपिट गरिएको उनीहरुले जानकारी दिए । एक जना बन्दीले बताए अनुसार उनलाई प्रहरीले कुटपिट गरी घाँटी थिचेर एउटा दस्तावेज (जसको अन्तर्वस्तुबारे उनलाई जानकारी थिएन) मा हस्ताक्षर गर्न लगाए । त्यसक्रममा प्रहरीले उनको हात जबर्जस्ती समाएर हस्ताक्षर गराए ।[42] विश्रम चौधरीले पनि "साविती बयान"मा हस्ताक्षर गर्न प्रहरीले उनलाई "भयङ्कर" कुटपिट गरेको बताए ।[43] एक जना पुरुषलाई चारजना प्रहरीले बलजफ्ती "साविती बयान"मा औंठा छाप लगाउन लगाए ।[44] अर्का बन्दीले एउटा कागजपत्रमा बलजफ्ती हस्ताक्षर गर्न लगाइएको र आफूले के मा हस्ताक्षर गरेको भनेर प्रश्न गर्दा, एक जना प्रहरी अधिकृतले, "त्यहीं पुगेपछि थाहा पाउँछस्" (अर्था उनी अदालत गएपछि) भने ।[45] यातना दिएर र बयानमा बलजफ्ती हस्ताक्षर गर्न लगाइएका सबैले आफूमाथि ज्यानमारा, ज्यानमारा उद्योग र चोरी-डकैती आरोप लगाइएको कुरा अदालतमा आइपुगेपछि अभियोजनकर्ताले आरोपहरु पढेर सुनाउँदा मात्र थाहा पाए ।

ती १४ बर्षीय बालकले आफूले पक्राउ परे यता सात वा आठओटा कागजपत्रमा हस्ताक्षर गरेको तर त्यसमा के लेखिएको थियो भन्ने थाहा नभएको बताए । कागजपत्रको अन्तर्वस्तु उनलाई पढेर सुनाइएन र प्रहरीले पढ्न पनि दिएन ।[46] उनी विरुद्ध प्रहरीले के आरोप लगाएको छ भन्ने कुरा उनलाई थाहा थिएन ।

यी बन्दीहरुले व्याख्या गरेको व्यवहारले निर्दोषिताको पूर्वानुमान अर्थात् फौजदारी अपराधको आरोप लागेको कुनै पनि व्यक्ति कानुनअनुसार निष्पक्ष सुनुवाइ पछि दोषी नठहरिएसम्म निर्दोष रहेको अनुमान गरिनुपर्ने अधिकारलाई स्पष्टरुपमा उल्लङ्घन गरिएको देखाउँछ । अन्तर्राष्ट्रिय कानुन र नेपाली कानुन अन्तर्गत निर्दोषिताको पूर्वानुमान अनुसार फौजदारी अपराधको आरोप लगाइएको कुनै पनि व्यक्तिलाई दोषी स्वीकार गर्न वा आफू विरुद्ध साक्षी बस्न बाध्य बनाउन पाइँदैन । यसको अर्थ यातना र अन्य दुर्व्यवहार वा अन्य प्रकारका बलप्रयोगका फलस्वरुप लिइएका बयानहरुलाई सबै प्रक्रियाहरुमा प्रमाणका रुपमा समावेश गरिनु हुँदैन । यसका अतिरिक्त, नेपालले अनुमोदन गरेका महासन्धिहरुसहित अन्तर्राष्ट्रिय कानुनले यातना र अन्य दुर्व्यवहारलाई पूर्णतः प्रतिबन्धित गरेको छ ।

## ५.स्वास्थ्य सेवा वञ्चित गरिएको

नेपाली कानुनअनुसार बन्दीलाई थुनामा ल्याइएपछि र थुनामुक्त भएपछि स्वास्थ्य जाँच गरिनुपर्छ ।[47] एउटा गैससले हालै जारी गरेको प्रतिवेदनले सो गैससले नियमित रुपमा भ्रमण गर्ने गरेको बन्दीगृहहरु भएको केही जिल्लाहरुमा थुनावस्थामा झण्डै ९०% बन्दीहरुले स्वास्थ्य जाँचको सेवा प्राप्त गरेको देखाएको छ । तथापि तीमध्ये केही जाँच झारा टार्ने हिसाबको र प्रायः प्रहरी अधिकृतको उपस्थितिमा हुने गरिएको पाइएको छ ।

---

[41] धनगढी कारागारमा एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[42] धनगढी कारागारमा गंगा (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[43] धनगढी कारागारमा एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[44] धनगढी कारागारमा सीताराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[45] धनगढी कारागारमा पदम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[46] धनगढी कारागारमा वीरबल (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २१ बैशाख २०७३ ।

[47] यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ अनुसार, "कुनै पनि व्यक्तिलाई बन्दी बनाउँदा वा रिहा गर्दा सम्बन्धित अधिकारीले त्यस्तो व्यक्तिलाई सकेसम्म सरकारी सेवामा संलग्न चिकित्सकबाट भौतिक रुपमा जाँच गराउनुपर्छ र त्यस्तो चिकित्सक उलपब्ध नभएको अवस्था स्वयं आफैले सो व्यक्तिको जाँच गर्नेछ, र सो को अभिलेख राख्नेछ ।" ऐनको खण्ड ३(२),

http://www.lawcommission.gov.np/en/documents/2015/08/compensation-relating-to-torture-act-2053-1996.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

प्रतिवेदनले त्यस्तो जाँच गोप्य रुपमा गरिनुपर्ने र स्वास्थ्य जाँच तथा उपचार थुनावस्थाको कुनै पनि समयमा बन्दीहरुले आग्रह गरेपछि उपलब्ध गराइनुपर्ने आवश्यकतालाई पहिचान गरेको छ ।[48] विशेषगरी तराईमा केन्द्रित अर्को गैससको प्रतिवेदनले अन्तर्वार्ता लिइएका बन्दीहरुमध्ये करिब आधाले मात्र थुनावस्थामा स्वास्थ्य जाँचको सुविधा प्राप्त गरेको उल्लेख गरेको छ ।[49] सो मुद्दाबारे जानकारी राख्ने एक वकिलका अनुसार प्रहरीले टीकापुर मुद्दासँग सम्बन्धित अधिकांश बन्दीहरुलाई स्वास्थ्य जाँचका लागि लगेको तर चिकित्सकहरुले झाराटार्ने हिसाबले मात्र जाँच गरेका थिए ।[50]

आफूलाई यातना दिइएको भनी उजुरी गरेपछि जिल्ला अदालतले आदेश दिए अनुसारको विशेष चिकित्कस जाँच प्रदान गरेको भनेर एम्नेस्टी इन्टरनेसनलाई बताउने रामप्रसाद चौधरी एक मात्र बन्दी थिए । उनले एम्नेस्टी इन्टरनेसनलाई बताए अनुसार उनको कुम भाँचिएको, शरीरभरी चोटपटक रहेको थियो, र स्वास्थ्य जाँचबाट उनलाई यातना दिइएको ठहरियो । पक्राउ पर्नु चार दिन अघिबाट लागेको टाइफोइडको औषधि उपलब्ध गराउन प्रहरीले अस्वीकार गरेको, र पक्राउ परेपछि एक महिनासम्म उनलाई औषधि प्रदान नगरिएको पनि जानकारी दिए ।[51]

रामप्रसाद चौधारीबाहेक अन्य कसैले पनि विशेष सरकारी स्वास्थ्य जाँचको सेवा वा अन्य कुनै प्रभावकारी चिकित्सा सहयोग नपाएको बताए । तथापि केहीले एम्नेस्टी इन्टरनेसनललाई आफूले त्यसका लागि प्रहरीसमक्ष लिखित रुपमा निवेदन दिएको बताए । विश्रम चौधरीले आफूलाई प्रहरीले केही *पेनकिलर* (दुखाइ कम गर्ने) औषधि उनको पीडा “ज्यादै गम्भीर” भएको अवस्थामा मात्र दिएको बताए ।[52] अर्का पुरुषले प्रहरीलाई औषधिका लागि आग्रह गर्दा प्रहरीले “(उनीसँग) पैसा छ” भनेर सोध्दै, आफ्नो औषधि आँफै किन्नुपर्ने सुझाव दिएका थिए ।[53]

अन्तर्राष्ट्रिय कानुन र मापदण्डअन्तर्गत बन्दीहरुलाई थुनामा ल्याउनसाथ सकेसम्म छिटो स्वतन्त्र स्वास्थ्य जाँचको सुविधा प्रदान गरिनुपर्छ । उनीहरुले कुनै पनि समयमा गोप्य स्वास्थ्य जाँचको माग गरी प्राप्त गर्न सक्नुपर्छ; अधिकारीहरुले आग्रहलाई छाँट्ने काम गर्नु हुँदैन । कुनै बन्दी वा कैदीले यातना वा अन्य दुर्व्यवहारको आरोप लगाएमा वा उनीहरुलाई यातना दिइएको वा अन्य प्रकारले दुर्व्यवहार गरिएको विश्वास गर्ने अन्य कारण भएमा अधिकारीहरुबाट कुनै हस्तक्षेप विना स्वतन्त्र चिकित्कसबाट उनीहरुको तत्काले जाँच गरिनुपर्छ ।

## ६.स्वेच्छाचारी पक्राउ

एम्नेस्टी इन्टरनेसनले अन्तर्वार्ता लिएका धेरैले आफू विरुद्ध लगाइएको आरोपहरुमा निर्दोष रहेको बताए । साथै केही बन्दीहरुले विरोध प्रदर्शनका क्रममा आफू उपस्थित रहेको स्वीकारे भने केहीले आफू सो समयमा अन्य स्थान र अन्य जिल्लामा रहेको दावी गरे । एक जना पुरुषले प्रहरीमाथि टीकापुरमा आक्रमण हुँदा आफू जिल्लाको एउटा प्रहरी चौकीमा प्रहरी जवानकै उपस्थितिमा खेतीसम्बन्धी मुद्दामा छिमेकीसँग वादविवाद गरिरहेको बताए ।[54]

एम्नेस्टी इन्टरनेसनले अन्तर्वार्ता लिएका केही व्यक्तिले आफूहरु पक्राउ पर्नुको कारण अन्य केही नभइ केवल स्थानीय थारु समुदायको सदस्य रहेको बताए । एक जना पुरुषले उनी पक्राउ पर्नुको कारण आफू बढघर भएको र थारुहरुलाई प्रदर्शनमा सहभागी हुन प्रोत्साहित गरेको भनेर प्रहरीले शंका गरेको बताए ।[55] अर्का पुरुषले एम्नेस्टी इन्टरनेसनलाई बताए अनुसार उनी विरोध प्रदर्शनमा घाइते भएका व्यक्तिलाई अस्पतालमा हेर्न जाँदा पक्राउ परे ।[56] विश्रम चौधरीले आफू थारु भएका कारण निशाना बनाइएको र उनलाई पक्राउ गर्दा प्रहरीले यसो भने, “साला त थारुलाई थरुहट चाहियो?”[57]

---

[48] एडभोकेसी फोरम, *Continuing Torture during 2015*, June 2016, available at http://advocacyforum.org/publications/June26Report.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[49] हेर्नुहोस् THRD Alliance प्रकाशन, *Torture in the Terai*, June 2016, http://thrda.org/wp-content/uploads/2016/06/English_Final-Torture-in-the-Terai.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[50] काठमाडौंमा हिरा (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, ३ साउन २०७३ ।

[51] धनगढी कारागारमा रामप्रसाद चौधरीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[52] धनगढी कारागारमा विश्रम चौधरीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[53] धनगढी कारागारमा गंगा (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[54] धनगढी कारागारमा प्रदीप (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[55] धनगढी कारागारमा डिल्ली (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२, टीकापुर र छिमेकी गाउँहरुमा एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ताहरुले प्रहरीले पक्राउका लागि बढघरसहित स्थानीय नेताहरुलाई निशाना बनाएको खुलासा गऱ्यो; र पत्रकारसँग टीकापुरमा २७ फागुन २०७२ र मनुवा गाविसमा गाउँलेहरुसँग २८ फागुन २०७२ मा एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ताहरु ।

[56] धनगढी कारागारमा पदम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

[57] धनगढी कारागारमा विश्रम चौधरीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २९ फागुन २०७२ ।

अन्तर्राष्ट्रिय कानुन अन्तर्गतको नेपालको दायित्वका साथै अन्तरिम संविधान २०६३ (धारा २४(१)) र २०७२ को संविधान (धारा २०(१))मा व्यवस्था गरिएका प्रावधानका बावजुद, बन्दीहरुमध्ये कसैलाई पनि पक्राउ पर्ने समयमा उनीहरु पक्राउ पर्नुको कारणबारे जानकारी दिइएन ।

## ७. नेपालका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी दायित्वहरू

### यातना र अन्य दुर्व्यवहारका सम्बन्धमा

यातना र अन्य दुर्व्यवहार वा सजायमाथिको प्रतिबन्ध निरपेक्ष हो । यो प्रथाजनित अन्तर्राष्ट्रिय कानुनको मान्यता हो जुन सबै राज्यलाई सबै परिस्थितिमा लागु हुन्छ । सो प्रतिबन्ध नेपाल पक्षराष्ट्र भएका महासन्धिहरुमा पनि स्पष्ट रुपमा उल्लेख गरिएका छन् : यातनाविरुद्धको राष्ट्रसङ्घीय महासन्धि (क्याट), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसिसिपिआर) र बालअधिकार महासन्धि (सिआरसि) ।[58] यातना विरुद्धको महासन्धिले पक्ष राष्ट्रहरुको दायित्वको रुपमा यातनाका सबै कार्य आफ्नो फौजदारी कानुनअन्तर्गत अपराध ठहर गरिएको र त्यसको गम्भीर प्रकृतिलाई ध्यानमा राख्दै उपयुक्त सजायद्वारा दण्डित गरिएको सुनिश्चित गर्नु हो । साथै यातनाको पीडितले उपचार पाएको र सम्भव भएसम्मको पूर्ण पुनर्स्थापनाको माध्यमसहित उचित र उपयुक्त क्षतिपूर्तिको अधिकार पाएको आफ्नो कानुनी प्रणालीमा सुनिश्चित पनि गरिनुपर्छ । आइसिसिपिआरले पनि पक्ष राष्ट्रहरुमाथि उल्लङ्घनहरुका लागि प्रभावकारी उपचारको अधिकार सुनिश्चित गर्ने दायित्व स्थापित गर्दछ ।

नेपालको संविधानको धारा २२(१) ले "पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन" र २२(२) ले "उपधारा (१) बमोजिमको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ" भन्ने व्यवस्था गरेको छ ।[59]

संविधानको धारा ३९(७) ले पनि "कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन" भन्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त, प्रमाण ऐन २०३१ मा बलप्रयोग, यातना वा यातनाको धम्कीमार्फत् हासिल गरिएको तथ्यहरुलाई प्रमाणका रुपमा लिन नसिकने व्यवस्था समावेश छ ।[60]

नेपालमा यातना पीडितहरुका लागि एक मात्र कानुनी सहाराका रुपमा रहेको यातनासँग सम्बन्धित क्षतिपूर्ति ऐन, २०५३ ले यातनाका लागि क्षतिपूर्ति र सजायको विषयलाई सम्बोधन गर्दछ । यद्यपि नेपालको अन्तर्राष्ट्रिय दायित्व विपरीत यसले यातनालाई अपराधीकरण गर्ने काम गरेको छैन । यस ऐनमा यातनालाई सम्बन्धित निकायले मुद्दाको सुनुवाइ गर्ने जिल्ला अदालतको आदेशमा अनुशासनको विषयका रुपमा दण्डित गरिएको छ । त्यसमा सजाय अपराधी आवद्ध रहेको सुरक्षाफौजले नै निर्णय गर्नेछ ।[61]

### स्वेच्छाचारी पक्राउका सम्बन्धमा

आइसिसिपिआरको धारा ९ ले कसैलाई पनि स्वेच्छाचारी पक्राउ गर्ने वा थुनामा राख्ने कार्य नगरिने र पक्राउ गरिएको कुनै पनि व्यक्तिलाई सुरुमै पक्राउ परिनुको कारणबारे जानकारी गराइनुका साथै सो व्यक्ति विरुद्ध लगाइएको आरोपबारे पनि तत्कालै सूचित गरिनुपर्ने व्यवस्था गरेको छ । धारा १४ ले फौजदारी अपराध गरेको आरोप लगाइएको सबै व्यक्तिको कानुन अनुसार दोषी नठहरिएसम्म निर्दोष मानिने अधिकारको व्यवस्था गरेको छ ।

---

[58] नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र यसको पहिलो ऐच्छिक उपलेखलाई विना कुनै सर्त वा अतिरिक्त घोषणा ३१ बैशाख २०४८ मा ग्रहण गऱ्यो । दोस्रो ऐच्छिक उपलेखलाई २० फागुन २०५४ मा विना कुनै सर्त वा अतिरिक्त घोषणा ग्रहण गऱ्यो । नेपालले बालअधिकार महासन्धि (सिआरसी)को कुनै सर्त विना २९ भदौ २०४७ मा अनुमोदन गऱ्यो । नेपालले यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि (क्याट)को ३१ बैशाख २०४८ मा ग्रहण गरेको भए तापनि त्यसको ऐच्छिक उपलेखलाई अझै अनुमोदन गरेको छैन । अन्य सन्धिहरुको अनुमोदनको अवस्थासम्बन्धी विवरणका लागि हेर्नुहोस्, :
http://tbinternet.ohchr.org/_layouts/TreatyBodyExternal/Treaty.aspx?CountryID=122&Lang=EN (हेरिएको ३ श्रावण २०७३) ।

[59] नेपालको संविधान (२०७२) धारा २२

[60] प्रमाण ऐन, २०३१, खण्ड ९(२)(क)(२) http://www.lawcommission.gov.np/en/documents/2015/08/evidence-act-2031-1974.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[61] http://www.lawcommission.gov.np/en/documents/2015/08/compensation-relating-to-torture-act-2053-1996.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

नेपालको संविधानले "न्यायसम्बन्धी हक"को परिकल्पना गरेको छ,[62] जसमा पक्राउ पर्नुको कारणबारे सूचना पाउने अधिकार, पक्राउ परेको समयदेखि नै कानुन व्यवसायीसँग सल्लाह गर्न पाउने अधिकार, र पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक पक्राउ परेको चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइनुपर्ने अधिकार रहेका छन् । यसमा आफू विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने अधिकार र कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन भन्ने व्यवस्था पनि गरिएको छ ।

यसका अतिरिक्त, नागरिक अधिकारसम्बन्धी ऐन २०१२ ले पक्राउ गरिएको कुनै पनि व्यक्तिलाई "सकेसम्म चाँडो पक्राउ पर्नुको तर्कसंगत सूचना"[63] प्रदान गरिनुपर्ने, कानुन व्यवसायीसम्म पहुँच दिने, २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गरिनुपर्ने, र सो अधिकारीको आदेश बेगर थप थुनालाई राखिनु हुँदैन भन्ने व्यवस्था गरेको छ ।[64]

[62] नेपालको संविधान (२०७२), धारा २०

[63] नागरिक अधिकारसम्बन्धी ऐन, खण्ड १५, http://www.lawcommission.gov.np/en/documents/2015/08/civil-rights-act-2012-1955.pdf मा उपलब्ध (हेरिएको ३ श्रावण २०७३) ।

[64] नागरिक अधिकारसम्बन्धी ऐन, खण्ड १५ ।

## ८.सुझावहरु

**नेपालका जिम्मेवार निकाय तथा अधिकारीहरुलाई देहाय अनुसारका कार्यहरु अघि बढाउन एम्नेस्टी इन्टरनेसनल आह्वान गर्दछ :**

### गृह मन्त्रालय

- यस प्रतिवेदनमा अभिलेख गरिए जस्तै यातना र अन्य दुर्व्यवहार, बलजफ्त "साविती बयान" र स्वेच्छाचारी पक्राउ र थुनाको आरोपका सम्बन्धमा तत्काल, स्वतन्त्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान गराउने । अनुसन्धानको निष्कर्ष नआएसम्म यातना र अन्य दुर्व्यवहारका लागि जिम्मेवार संदिग्ध अधिकारीहरुलाई निलम्बनमा राखिनु पर्छ । साथै जिम्मेवारी ठहरिएकाविरुद्ध मुद्दा दायर गरी निष्पक्ष सुनुवाइको अन्तर्राष्ट्रिय कानुन र मापदण्ड अनुरुपको प्रक्रिया अनुसार मुद्दा चलाइनु पर्छ ।
- यातना र अन्य दुर्व्यवहारका पीडितहरुलाई अन्तर्राष्ट्रिय कानुनले व्यवस्था गरे अनुसार प्रभावकारी उपचार र परिपूरण उपलब्ध गराउने । यसमा उनीहरुमाथि पुऱ्याइएको क्षतिको स्वीकारोक्ति, पुनर्स्थापना, पर्याप्त क्षतिपूर्ति र नदोहोरिने प्रत्याभूति समावेश छन् ।

### कानुन कार्यान्वयन गर्ने अधिकारीहरु

- सम्भावित फौजदारी अपराधको सामना गरिरहेकाहरुले आफ्नो अधिकारको संरक्षण गर्न र प्रतिरक्षामा मद्दत गर्न कानुन व्यवसायीको सहयोग लिन पाउने अधिकारको सुनिश्चित गर्ने । यसमा पुछताछको अवधिसहित थुनामा राखिएदेखिनै कानुन व्यवसायीको पहुँच र उनीहरुसँग गोप्यरुपमा कुराकानी गर्ने पर्याप्त समय र सुविधाहरु उपलब्धता समावेश छन् ।
- बन्दीलाई थुनामा राखिए लगत्तै स्वतन्त्र स्वास्थ्य जाँचको सुविधा प्रदान गरिनु पर्छ । कुनै पनि समयमा गोप्य चिकित्सा जाँच र उपचारको माग गर्ने र सो प्राप्त गर्न सक्नु पर्दछ । त्यस्तो जाँचको आग्रहलाई अधिकारीहरुले छाँट्ने काम गर्नु हुँदै र जाँचको क्रममा त्यहाँ उपस्थित हुनु हुँदैन । कुनै बन्दीले यातना वा अन्य दुर्व्यवहारको आरोप लगाएमा वा उनीहरुलाई यातना दिइएको वा अन्य प्रकारले दुर्व्यवहार गरिएको विश्वास गर्ने अन्य कारण भएमा अधिकारीहरुबाट कुनै हस्तक्षेप विना स्वतन्त्र चिकित्सकबाट बन्दीको तत्काले जाँच गरिनु पर्छ । यदि यातना वा अन्य दुर्व्यहारको आशंका गरिएमा त्यसबारेमा न्यायाधीशलाई गोप्य रुपमा सूचित गर्न चिकित्सकलाई सक्षम बनाइनु पर्छ ।

### न्यायपालिका

- यातना वा अन्य दुर्व्यवहार वा कुनै पनि प्रकारको बलप्रयोगबाट हासिल गरिएको बयान, वस्तु वा सूचनालाई (यातना र अन्य दुर्व्यवहारको आरोपित पीडकका विरुद्ध प्रमाणका रुपमा बाहेक) कुनै पनि प्रक्रियामा प्रयोग नगरिएको सुनिश्चित गर्ने ।
- बन्दीलाई न्यायाधीशसमक्ष प्रस्तुत गर्दा, न्यायपालिकाका सदस्य र बन्दीलाई यातना वा अन्य दुर्व्यवहार गरिएको कुनै पनि संकेतप्रति पदाधिकारीहरु सचेत रहनु पर्छ । यदि यतना वा अन्य दुर्व्यवहारको कुनै संकेत देखिएमा तत्काल विस्तृत र निष्पक्ष अनुसन्धानको आदेश दिने कार्यलाई सुनिश्चित गर्ने ।

**संसद**

- सन् अगस्ट २०१४ मा यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार (अपराध र सजाय)सम्बन्धी विधेयकको प्रस्ताव सदनमा दर्ता भएको छ । त्यसमा रहेको मुख्य कमीकमजोरी हटाइ तत्कालै पारित गर्ने । उजुरी दर्ता गर्ने छोटो समयसीमा र यातनाको दोषी ठहरिएका लागि हुने दण्डको सम्बोधन सहित यातना र दुर्व्यवहारको सामना गरेकालाई उल्लङ्घनको गम्भीरता अनुरुपको क्षतिपूति दिने, “असल नियत”का साथ काम गरेका अधिकारीहरुका लागि रहेको संरक्षण हटाउने र झुठा उजुरी दर्ता गरेको पाइएका व्यक्तिलाई हुने दण्डको सम्बोधन गर्ने आदि विषयहरु प्रस्तावित बुँदामा समावेश छन् ।
- यातना र अन्य दुर्व्यवहारविरुद्ध नेपालले प्रभावकारी निवारणात्मक उपायहरु अवलम्बन गर्नु पर्छ । त्यसमा यातना विरुद्धको महासन्धि (क्याट)को ऐच्छिक उपलेखको अनुमोदन र स्वतन्त्र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायहरुबाट बन्दीगृहहरुको नियमित भ्रमण गर्ने प्रावधानलाई सुनिश्चित गर्ने कार्य समेत रहेका छन् ।

एम्नेस्टी इन्टरनेसनल मानवअधिकारका लागि विश्वव्यापी अभियान हो । एक जना व्यक्ति अन्यायमा पर्नु भनेको, त्यो हामी सबैको सरोकारको विषय हो ।

## CONTACT US


info@amnesty.org

+44 (0)20 7413 5500


## JOIN THE CONVERSATION


www.facebook.com/AmnestyGlobal

@AmnestyOnline

**नेपाल : यातना र बलजफ्ती साविती बयान**

**कैलालीमा २०७२ भदौमा भएको प्रहरी हत्याको घटनापछि आदिवासी थारुको मानवअधिकार हनन्**

२०७२ भदौ ७ गते तराईको कैलाली जिल्लामा आदिवासी थारु समुदायबाट हजारौंको संख्यामा प्रदर्शनकारीहरु टीकापुर सहरको केन्द्रविन्दुतर्फ अघि बढे । उनीहरुले नयाँ संविधानको सम्झौता-वार्ताका क्रममा सरकारले प्रस्ताव गरेको सङ्घीय सीमाहरूको विरोध गर्दै एउटा अलग्गै स्वायत्त थरुहट प्रान्तको माग गरिरहेका थिए । भीडमा प्रहरीले अश्रुग्यास प्रहार गरेपछि प्रहरीमाथि केही प्रदर्शकारीहरुबाट आक्रमण भयो । आठ जना सुरक्षाकर्मी र एक जना बालकको हत्या भयो । प्रहरीको हत्याले थारुहरुविरुद्ध प्रतिशोधात्मक आक्रमणको लहर चलाइयो र प्रहरीले थारु समुदायका सदस्यहरुलाई स्वेच्छाचारी रुपमा पक्राउ गर्ने, यातना र अन्य दुर्व्यवहार गर्ने, र केहीलाई हत्याका सम्बन्धमा "साविती बयान"मा बलजफ्त हस्ताक्षर गर्न बाध्य बनायो ।

यो अवस्थाले दण्डहीनताको बृहत वातावरणलाई उजागर गर्दछ, जहाँ यातनाका पीडक विशेषगरी प्रहरीहरुलाई उनीहरुको कार्यका लागि जिम्मेवार ठहऱ्याइँदैन । यसले यतनाका घटनाका सम्बन्धमा आफ्ना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दायित्व पूरा गर्नमा नेपालको असफलतामाथि प्रकाश पार्दछ ।

नेपालले राष्ट्रिय कानुनअन्तर्गत यातनालाई अपराध ठहर गर्ने र त्यसको गम्भीरता अनुरुप उपयुक्त सजायद्वारा दण्डित गर्न विधिको निर्माण गर्नुपर्छ । यो कार्य नेपालले यातना र अन्य क्रुर, अमानवीय वा अपमानजक व्यवहार वा सजायविरुद्धको महासन्धिको पक्ष राष्ट्रको हैसियतले आफ्नो दायित्व अनुरुप गर्नुपर्दछ ।

INDEX: ASA 31/4456/2016
JULY 2016
LANGUAGE: ENGLISH



AMNESTY INTERNATIONAL